जसले अल्लाहलाई आफ्नो पालनकर्ताको रूपमा, इस्लामलाई धर्मको रूपमा र मुहम्मद लाई रसूलको रूपमा स्वीकार गर्दछ, उसले आस्थाको स्वाद पायो ।

अब्बास बिन अब्दुल मुत्तलिब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जसले अल्लाहलाई आफ्नो पालनकर्ताको रूपमा, इस्लामलाई धर्मको रूपमा र मुहम्मद लाई रसूलको रूपमा
स्वीकार गर्दछ, उसले आस्थाको स्वाद पायो ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, यदि कुनै पक्का र साँचो मुमिन तीन कुराहरूमा सन्तुष्ट छ भने उसले आफ्नो हृदयमा खुशी, विशालता, मिठास र आनन्दको अनुभव गर्ने छ, ती निम्न हुन्: पहिलो: अल्लाहसंग आफ्नो पालनकर्ताको रूपमा सन्तुष्ट हुनु, यसो गर्दा जीविकोपार्जन र जिन्दगीको हरेक परिस्थितिहरूमा उसको हृदय परमेश्वरबाट प्राप्त कुराले सन्तुष्ट हुन्छ, भाग्यप्रति उसको हृदयमा कुनै नराम्रो कुरा उत्पन्न हुँदैन र अल्लाह बाहेक अरु कसैको अगाडी हात थाप्दैन । दोस्रो: इस्लामसंग धर्मको रूपमा सन्तुष्ट हुनु, यसो गर्दा इस्लाम धर्मले दिएको कर्तव्य र दायित्वप्रति हृदय खोलेर कर्म गर्छ र इस्लाम बाहेक अन्य धर्मको बारेमा सोच्दा पनि सोच्दैनन् । तेस्रो: मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सँग नबीको रूपमा सन्तुष्ट हुनु, अर्थात उहाँले ल्याउनुभएको सबै कुराप्रति हृदय खोलेर र बिना कुनै हिचकिचाहट वा शंका राजी हुनु र उहाँको मार्गमा मात्र हिंड्नु ।

https://sunnah.global/hadeeth/ne/show/65116